अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०१।११ गते

प्रेस विज्ञप्ति

विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

जिल्ला प्रशासन कार्यालय, इलामका युवा स्वरोजगार कार्यक्रमका स्वयमसेवक भानुभक्त आचार्यले जिल्ला प्रशासन कार्यालयका नायव सुब्बा विनोद वि.सी.ले अह्राए बमोजिम हराएको पासपोर्टको प्रतिलिपि निकाल्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले निज कार्यक्रम स्वयमसेवक भानुभक्त आचार्यलाई सेवाग्राहीसँग रु.६,०००। - (छ हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा र उक्त घुस/रिसवत लिन अह्राउने ना.सु. विनोद वि.सीलाई समेत जिल्ला प्रशासन कार्यालय इलामको कार्यालय परिसरबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता